सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना

फैसला

मुद्दाः- <u>मूल्य अभिवृद्धि कर (०६४-०६७)।</u>

०७४-RB-०१४०

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडानं. ५ भाटभटेनी स्थित भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा.लि. तर्फबाट अख्तियारप्राप्त खिमराज खनाल---१	**पुनरावेदक**

<u>विरूद्ध</u>

आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाडौं-------------------------१ ऐ. को अनुसन्धान तथा विकास शाखा,लाजिम्पाट-----------------------१ ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर--------------------------१	**प्रत्यर्थी**

शुरू निर्णय गर्नेः- आन्तरिक राजस्व बिभाग, अनुसन्धान तथा विकास शाखा

प्रशासकीय पुनरावलोकन गर्नेः- आन्तरिक राजस्व बिभागका महानिर्शेक

मितिः २०६९।३।१५

राजस्व न्यायाधिकरणमा फैसला गर्नेः- माननीय अध्यक्ष श्री डिल्लीराज आचार्य

राजस्व सदस्य श्री जीवनकुमार घिमिरे

लेखा सदस्य श्री डम्बरबहादुर कार्की

राजस्व न्यायाधिकरण, काठमाडौं

फैसला मितिः २०७४।३।२९

राजस्व न्यायाधिकरण काठमाडौंको फैसला उपर भाटभटेनी सुपर मार्केट एण्ड डिपाटमेन्टल स्टोर प्रा.लि. ले दायर गरेको निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (ख), (ग) र (घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकारको छः-

डिपार्टमेण्टल स्टोर तथा खुद्रा व्यापारको कारोबार संचालन गर्ने करदाता भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि.को मुख्य कारोबार स्थल भाटभटेनीमा यस बिभागको अनुगमन टोलीले मिति २०६७।१०।१९ मा निरीक्षणका क्रममा बरामद भएका बिल, विजक, खरिद खाता, बैंक स्टेटमेण्ट, लेजर, कम्पनीले पेश गरेको थप प्रमाण, सामान आपूर्ती गर्ने आपूर्तीकर्ताको बयान, ती आपूर्तीकर्ताहरूले पेश गरेको कर विवरण, विभिन्न आन्तरिक राजस्व कार्यालयहरूबाट प्राप्त पत्रहरू छानविन एवं विश्लेषण गरी कम्पनीको कारोबार कैफियत देखिएको सम्बन्धमा उक्त कम्पनीका संचालक मीनबहादुर गुरूङ्ग र प्रतिनिधि दानबहादुर राईले गरेको बयानको आधारमा कर अवधि २०६४ श्रावणदेखि २०६७ माघसम्मको लागि मूल्य अभिवृद्धि कर तर्फ प्रा.लि. ले देखाएको खरिद र सो कर बिजकबाट प्रा.लि. ले लिएको कर कट्टी सम्बन्धी अनुसन्धान प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम जम्मा रू. २२,६७,४४,५५७। को कर निर्धारण हुने देखिँदा उक्त कर निर्धारण आदेश हुनु नपर्ने वा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए पत्र पाएको १५ दिन भित्र लिखित जवाफ पेश गर्न करदातालाई यो आदेश बमोजिमको पत्र दिनु भनी मिति २०६८।१०।२४ मा भएको आदेश अनुसारको पत्र करदाताले सोही मितिमा बुझी उक्त निर्धारण हुनु पर्ने होईन भनी भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोरले मिति २०६८।११।११ मा लिखित जवाफ पेश गरेका रहेछन ।

मिति २०६८।१०।२४ को प्रारम्भिक कर निर्धारण आदेश बमोजिम २०६४ श्रावण देखि २०६७ माघ महिनासम्मको मूल्य अभिवृद्धि कर, थप दस्तुर, व्याज र जरिवाना समेत जम्मा रू. २२,६७,४४,५५७। को कर निर्धारण गर्ने र उक्त आदेश मिति भन्दा पछिको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) बमोजिम थप दस्तुर एवं दफा २६ बमोजिम व्याज लाग्ने भए सो समेत गणना गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व बिभाग, अनुसन्धान तथा विकास शाखाको मिति २०६८।११।२८ को निर्णय पर्चा ।

उक्त कर निर्धारण आदेश मिलेको छैन। किनभने अन्तिम कर निर्धारण गर्दा ४ बर्ष नाघेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(४) मा विवरण पेश गरेको मितिले ४ बर्ष भित्र कर निर्धारण नभएमा पेश भएको विवरण स्वतः मान्य हुने व्यवस्था छ। तथापि यो कानूनी व्यवस्था तर्फ विचार नगरी कर कानूनमा हदम्याद लागू हुने व्यवस्था छैन भन्ने व्यहोराले कर निर्धारण आदेश भएको छ। त्यो कानूनी त्रुटिपूर्ण छ। त्यसमा पनि ऐनको दफा २०(३) बमोजिम आरोप प्रमाणित नगरी कर निर्धाण गर्न पाईदैन। मूल्य अभिवृद्धि कर ऐनमा नै दर्ता नभएको जय वागेश्वरी Export import र राउत ट्रेड कन्सर्नबाट खरिद गरेको देखाई कर कट्टी लिएको भन्ने सम्बन्धमा ती फर्महरूबाट खरिद भएका मालबस्तुहरूको बिल बिजकको आधारमा खरिद खातामा उल्लेख गरी कम्पनीले कर कट्टी गरेको हो। ती फर्म दर्ता भएका छन्। कारोबार गर्नु अगाडि फर्म दर्ता भए नभएको सम्बन्धमा निश्चित गर्ने कार्यविधि पनि छैन। कसैले फर्म दर्ता नगरी कारोबार गर्छ भने त्यसलाई कारोबार गर्ने दायित्व यस बिभागको नै हो। कम्पनीले कर छलेको छैन। उल्लिखित फर्महरूको २० लाख बढी करको दायित्व कम्पनीले लिन स्वीकार गरे पनि आफैंले बिल बिजक नबनाएको हुँदा जरिवाना गर्न मिल्दैन। श्रद्धा इन्टरप्राइजेजसँग वास्तविक कारोबार भएको हो। श्रद्धा इन्टरनेशनलले म्याद भित्र विवरण पेश नगरेको कारण पछि आफ्नो प्रतिरक्षा गर्न गरेको बयानलाई प्रतिरक्षा गर्ने मौका नदिई एकतर्फी प्रमाण लिन मिल्दैन। कर निर्धारण आदेशमा आपूर्तिकर्ता फर्महरूको कारोबारस्थल, प्रमूखको नाम, ठेगाना, सम्पर्क नं. खुलाउन नसकेको, भुक्तानीको प्रमाण पेश नगरेको, सम्बन्धित व्यक्तिले भुक्तानी नबुझेको, नगद भुक्तानीको प्रमाण नदेखिएको, शून्य विवरण पेश गरेका कम्पनीहरूसँग खरिद गरेको देखाई कर कट्टी गरेको र आपूर्तिकर्ताले विजक मात्र दिएको भनी बयान गरेका हुँदा कम्पनीले कर छली गरेको भन्ने उल्लेख भए पनि उक्त व्यहोरा गलत हो भन्ने कुरा लिखित जवाफमा उल्लेख भैसकेको छ। कम्पनीले आपूर्तिकर्ता फर्मबाट सामान खरिद गरेको कुरा खरिद खाताबाट देखिन्छ। केही सामान स्टक छ, केही बिक्री गरी आय आर्जन भएको छ। त्यसबाट आपूर्तिकर्ता फर्मसँग वास्तविक कारोबार भएको प्रष्ट

छ। बिक्री भएका सामानको कर विवरण र कर रकम बुझाई सकेको अवस्थामा विजकबाट तिरेको कर कट्टी नपाउने भन्न मिल्दैन।

धेरै आपूर्तिकर्तासँग कारोबार भएकाले सबैलाई चिन्न र ठेगाना लिन सकिदैन। कानूनमा पनि चिन्नु पर्ने व्यवस्था छैन। तथापि संभव भएसम्मका फर्महरूको नाम, कारोबारस्थल, व्यक्तिको नाम र सम्पर्क नं. उपलब्ध गराएका छौं। त्यसको परीक्षण गरिएको छैन। नगद तथा चेकबाट भुक्तानी प्रमाणित नभएकोले खरिद वास्तविक नरहेको भन्ने निर्णयका सम्बन्धमा भुक्तानी नगदमा गर्न सकिने सिमासम्म नगदमा र अरू चेकबाट भुक्तानी भएको छ। भुक्तानी वास्तविक फर्म, कम्पनीले प्राप्त गरेका छन्। ती भुक्तानीको प्रमाण पेश भएको छ। मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै बस्तु खरिदमा तिरेको कर कट्टी पाउन खरिद वापतको भुक्तानी प्रमाणित हुनु पर्ने बाध्यता छैन। ऐनको दफा १७ को उपदफा (१) ले दर्ता भएको व्यक्तिले कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कटाउन पाउने उल्लेख भएको छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९(१)(ख) ले आन्तरिक खरिदको हकमा बस्तु तथा सेवा खरिद गर्दा प्राप्त हुने विजक सो खरिदमा तिरेको कर कट्टी गर्न पर्याप्त हुने व्यवस्था छ। यसरी कानूनमा नै करकट्टी गर्न पाउने व्यवस्था हुँदा हुदै कर निर्धारण गरेको कार्य मूल्य अभिवृद्धि कर ऐन, २०५३ को नियम ३९(१)(ख) विपरीत हुँदा कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने समेत व्यहोराले पुनरावेदक कम्पनीले आन्तरिक राजस्व बिभागमा पेश गरेको प्रशासकीय पुनरावलोकनको निवेदन।

निवेदक कम्पनीले गैर कानूनी रूपमा मूल्य अभिवृद्धि कर र आयकरको लाभ लिने उद्देश्यले विभिन्न कम्पनी र फर्महरूबाट माल बस्तु प्राप्त नगरी कर विजक मात्र लिएर प्राप्त विजकबाट तिरेको देखाएको कार्यबाट कर छली गरेको पुष्टि हुन आयो। त्यसै गरी निवेदकले झुठ्ठा विवरण पेश गरेर कारोबार कम देखाएको पाइन्छ। विभिन्न फर्महरूबाट निवेदकको नाममा २०६४ श्रावण देखि २०६७ माघसम्म जारी गरिएका बिल बिजकबाट रू. ७१,८२,३११,७३५।—मूल्यका विभिन्न प्रकारका मालबस्तु खरिद गरेको देखाई रू.

९,३३,७०,१२५। मूल्य अभिवृद्धि कर कट्टी गरेको देखिन्छ। तर निवेदकले मालबस्तु खरिद नगरी विजक मात्र प्राप्त गरी रकम भुक्तानी भएको देखाई उक्त कर कट्टी लिएको देखिँदा यस बिभागको अनुसन्धान तथा विकास शाखाको मिति २०६८।११।२८ को निर्णय कानूनसम्मत हुँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व बिभागको मिति २०६९।३।१५ को निर्णय।

उक्त निर्णय मिलेको छैन। किनभने यस कम्पनीले २०६४ श्रावणदेखि २०६७ माघसम्मको अवधिमा विभिन्न १५२ वटा फर्म वा कम्पनीसँग मालबस्तु खरिद गर्दा बिल बिजक प्राप्त भएपछि रकम चेक मार्फत भुक्तानी गरेको छ। आन्तरिक राजस्व बिभागले नगद तथा चेकबाट आपूर्तिकर्ता फर्महरूलाई भुक्तानी गरेको प्रमाणित नभएको भन्ने आधार देखाई कर छली गरेको निर्णय गरेको छ। कर छली गरेको छैन, कानूनसम्मत रूपमा मूल्य अभिवृद्धि कर कट्टी गरेको सम्बन्धमा कम्पनीले लिखित जवाफमा उल्लेख गरेकोतर्फ आन्तरिक राजस्व बिभागले विवेचना गरेको छैन। आपूर्तिकर्ता फर्महरूले कर विवरण पेश नगरेको र कर नतिरी सम्पर्क विहीन रहेको कुरा यस कम्पनीले थाहा पाउने कुरा होइन। त्यसै गरी आपूर्तिकर्ता फर्महरूको सञ्चालकहरूलाई हामीले खोजेर ल्याउनु पर्ने होइन। यस कारण पुनरावेदक कम्पनी आपूर्तिकर्ता फर्मका प्रमुख व्यक्तिको नाम, ठेगाना, कारोबारस्थल र सम्पर्क नं. उपलव्ध गराउन नसकेको भन्ने आधारमा कर निर्धारण गरेको कार्य त्रुटिपूर्ण हुँदा आन्तरिक राजस्व बिभागको मिति २०६८।११।२८ र मिति २०६९।३।१५ को कर निर्धाण निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराले पुनरावेदक कम्पनीले राजस्व न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

व्यवसायसँग सम्बन्धित कर कट्टी दावी अमान्य गर्ने गरी गरेको शुरू कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.वं. २०२ बमोजिम सरकारी वकिल, आन्तरिक राजस्व बिभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने राजस्व न्यायाधिकरणको मिति २०७०।२।१२ को आदेश।

प्रस्तुत मुद्दामा आ.ब. २०६४-०६७ सम्मको मूल्य अभिवृद्धि करको विवाद समावेश भएको देखियो। पुनरावेदक कम्पनीले आपूर्तिकर्ता फर्महरूबाट मालबस्तु खरिद गर्दा पचास

हजारसम्म नगदमा र सो भन्दा माथिको चेकबाट भुक्तानी दिएको भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। पुनरावेदक कम्पनीले आपूर्तीकर्तालाई चेक Account Payee दिएको देखिँदैन। Barer चेक दिएको देखिन्छ। Barer चेक जो कोहिले पनि लिन र साट्न सक्ने हुँदा आपूर्तिकर्ताले लगेको र साटेको भन्ने प्रमाणित हुँदैन। चेकको अर्धकट्टीमा छाप छैन। एक भन्दा बढी चेक एकै व्यक्तिले लिएको देखिँदा भुक्तानीलाई सही र बास्तबिक भन्न मिल्ने देखिएन। त्यस कुराको सम्बन्धमा सञ्चालक मीनबहादुर गुरूङले क्षमा माग्दै अब गल्ती नगर्ने भन्ने व्यहोराले बयान गरेको देखिन्छ। पुनरावेदक कम्पनीले Mangle Export import ले जारी गरेको बिलहरूबाट रकम भुक्तानी गरेको देखिन्छ। तर उक्त फर्म वेदर्तावाला भएको भन्ने देखिँदा त्यसलाई मान्यता दिन मिल्ने देखिएन। श्रद्धा इन्टरप्राइजेजससँग भएको खरिद कारोबारको सम्बन्धमा हेर्दा त्यसका प्रोप्राइटर अमर प्याकुरेलले भाटभटेनी सुपरमार्केटसँग आ.ब. २०६३/०६४ देखि कारोबार नगरेको भनी बयान गरेबाट श्रद्धा इन्टरप्राइजेजसँगको खरिद कारोबारलाई मान्यता दिन मिलेन। कारोबारको सत्यता बिल, बिजक, आपूर्ति र भुक्तानीले प्रमाणित गर्दछ। यस विवादमा पुनरावेदकले सही तरिकाले मालबस्तु खरिद गरी दावी गरेको देखिएन। आपूर्ति प्रमाणित गर्ने बिक्रेताको बिक्री खाता र क्रेताको खरिद खाता उपलब्ध हुन नसकेबाट पनि कारोबार नगरी कर छली गर्न खोजेको प्रष्ट देखिन्छ। पुनरावेदक कम्पनीले मालबस्तु आपूर्ति गरेको भनिएका फर्महरू Non Filer रहेको देखिन्छ। आपूर्तिकर्तालाई भुक्तानी दिएको प्रमाणित हुन सकेको छैन। तसर्थ आन्तरिक राजस्व बिभागको मिति २०६८।११।२८ र मिति २०६९।३।१५ को निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको राजस्व न्यायाधिकरणको मिति २०७४।३।२९ को फैसला।

राजस्व न्यायाधिकरणको फैसला मिलेको छैन। किनभने यस कम्पनीको कारोबार प्रत्येक महिना पेश गरिने विवरणले प्रष्ट गरेको अवस्थामा २०६४ श्रावणदेखि पेश भएका विवरणहरूको एकै पटक मिति २०६८।१०।२४ मा प्रारम्भिक कर निर्धारण आदेश भएको छ। मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४) ले कर विवरण पेश गरेको मितिले ४ वर्ष भित्रमा कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य

हुनेछ भन्ने कानूनी व्यवस्थाको उल्लंघन गर्दै भएको निर्णय त्रुटिपूर्ण छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (१) अनुसार दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नु पर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टा गर्न पाईन्छ। करमा दर्ता भएका हाम्रो कम्पनी जस्ता करदाताले कर कट्टी गर्न पाउने विषय कानूनी हक हो ।

पुनरावेदक कम्पनीले कानून बमोजिमको दायित्व बहन गरिरहेको अवस्था छ। अन्य आपूर्तिकर्ता फर्महरूको दायित्व सम्बन्धितले नै व्यहोर्नु पर्दछ। नव्यहोरेमा कानून कार्यान्वयन अधिकारीले विवेकसम्मत रूपमा कार्य गर्नु पर्दछ । दर्तावाला निकाय निगरानीबाट बाहिरिदैमा उसले साविकमा गरेको कार्य नक्कली हुने होइन । यस कम्पनीले स्वयं कर निर्धारण गरी पेश गरेका विवरणहरू सही छन, कानून विपरीत कार्य भएको छैन। श्रद्धा इन्टरप्राइजेजसँग खरिद कारोबार भई मूल्य अभिवृद्धि कर क्रेडिट दावी गरेको भएता पनि आ.वं. २०६३/६४ पछि पुनरावेदकसँग कुनै कारोबार छैन, विजकहरू जारी भएको छैन र मेरो नामबाट नक्कली बिल प्रयोग गर्ने उपर आवश्यक कारवाही गरी पाउँ भनी श्रद्धा इन्टरप्राइजेजका प्रोपाईटर अमर प्याकुरेलले गरेको बयानको आधारमा राजस्व न्यायाधिकरणले यस कम्पनीको पुनरावेदन जिकीर अमान्य गरेको छ । तर श्रद्धा इन्टरप्राइजेजसँग आ.व.२०६३/०६४ सम्म कारोबार भएको कुरा स्थापित छ। अमर प्याकुरेलले हाम्रो अनुपस्थितिमा के कुन उद्देश्यले बयान गरे थाहा हुने होईन। निजको बयानलाई हाम्रो विरूद्ध प्रमाणमा लिनका लागि हामीले प्रतिरक्षा गर्न पाएका छैनौ। तसर्थ निजको बयान यस कम्पनीको विरूद्ध प्रमाणमा मिल्दैन।

राजस्व न्यायाधीकरणले १५२ आपूर्तिकर्ताले जारी गरेको बिललाई वेदर्ताको व्यवसायिक फर्मले जारी गरेको-१, नक्कली बिल-१, अन्य प्रकारका बिल सक्कली भन्ने देखिएको, अर्थात दर्तावालाले जारी गरेको र दर्तावालाले विरोध नगरेको हुँदा त्यस्तो बिललाई नक्कली भन्न मिल्दैन भनी ३ प्रकारका बिल विजक रहेको ठहर गरेको छ। उल्लिखित ३ प्रकारका बिल मध्ये दर्तावाला फर्मले जारी गरेको भन्ने सम्बन्धमा लिखित जवाफमा उल्लेख भएको नै छ।

कर प्रशासकले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(६) एवं ऐ नियमावली २०५३ को नियम ३९(१)(ख) को व्यवस्थालाई पन्छाइएको छ ।

आपूर्ति प्रमाणित गर्ने आधार भनेको विक्रेताको विक्री खाता र क्रेताको खरिद खाता हुन भन्ने राजस्व न्यायाधिकरणको फैसलाको सन्दर्भमा पुनरावेदक क्रेता हो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ र ऐ. नियमावली २०५३ को नियम २३ र २५ ले तोके बमोजिमका कारोबारको लेखा चुस्त दुरूस्त राखेको प्रमाण कागज निरीक्षण परीक्षणको क्रममा पेश गरेका छौं। उक्त ऐनको दफा १६ को उपदफा (५) ले करदाताले राखेको लेखालाई अन्यथा प्रमाणित नभएसम्म मान्यता दिने व्यवस्था गरेको छ। प्रमाण ऐन, २०३१ को दफा १४ ले नियमित रूपमा राखिएका बही खातालाई प्रमाणको रूपमा लिने व्यवस्था गरेको छ। यस कम्पनीले राखेको लेखा काही कतैबाट अन्यथा हुन सकेको छैन। त्यसकारण कम्पनीले राखेका लेखासँग सम्बन्धित कागजहरूलाई प्रमाणमा लिईनु पर्दछ।

आपूर्तिकर्ताहरूबाट सामान आपूर्ति भएको र सामानको बिल प्राप्त भइ भुक्तानी भएको छ। आपूर्तिकर्ता नियमित सम्पर्कमा रहेका छन्, छैनन्, कारोबारको विवरण नियमित बुझाए नबुझाएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी कर प्रशासकको हो। यस सम्बन्धमा राजस्व न्यायाधिकरणबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(८) बमोजिम अनुगमन गर्ने जिम्मेवारी प्रत्यर्थी कर प्रशासकको हो भन्ने व्यहोराले मिति २०७३।१०।५ मा आन्तरिक राजस्व बिभागको नाममा निर्देशनात्मक आदेश जारी भएको छ। कर प्रशासकले कर कार्यालयमा दर्ता भएका फर्म वा कम्पनीको नियमित अनुगमन नगरेर Non-Filer फर्म वा कम्पनीलाई समयमा नै कारवाही नगरेको कारण प्रस्तुत विवाद उत्पन्न भएको छ। कर प्रशासनले आपूर्तिकर्तालाई अनुगमन गर्न नसकेको कमजोरीको फाइदा यस कम्पनीले व्यहोर्नु पर्ने भन्न मिल्दैन। भुक्तानीको प्रमाणिकता भुक्तानीको तरिका mode of payment मा भर पर्ने विषय हो। मालबस्तु आपूर्तिकर्तालाई ५० हजारसम्मको भुक्तानी नगदबाट र सो भन्दा माथिको भुक्तानी चेक मार्फत गरेको भनी बयान र व्यवहार मार्फत पुष्टि भएको वियरर चेक जो कोहिले लिन र साट्न सक्ने हुँदा आपूर्तिकर्ताहरूले नै लगेको र साटेको नदेखिएको भन्ने राजस्व न्यायाधिकरणको फैसलाको मनगढन्ते तर्कले अन्याय परेको छ। फैसलाले नै कानून

बमोजिम एकाउन्टपेयी चेक जारी गर्न बाध्य नभएको स्वीकार गरेको अवस्थामा वियरर चेकको भुक्तानी आपूर्तिकर्ता स्वयंले लिएको भन्ने देखिनु पर्दछ भन्न मिल्दैन।

यस कम्पनीको कारोबारलाई नक्कली भन्नु करदाता प्रतिको पूर्वाग्रह हो । दर्तावाला फर्मले कारोबार गरेका व्यक्तिहरूको यस कम्पनीले जवाहदेही लिने विषय होइन । कर कार्यालयले १५२ आपूर्तिकर्ता सबै दर्ता छैनन् भनेको छैन । दर्तावाला फर्मसँग कारोबार गरिएको हुँदा आपूर्तिकर्ता र पुनरावेदक दुवैको दायित्व अलग-अलग हुने विषयलाई पूर्ण रूपमा नवुझेको जस्तो गरी फैसला गरिएको छ । लागत आपूर्तिकर्ताहरूबाट बस्तु प्राप्त भई बिल बमोजिम भुक्तानी हुने विषय हो। यस्तो अवस्थामा पुनरावेदकले सामान विक्री गरी सकंलन गरेको मूल्य अभिवृद्धि कर राज्यलाई बुझाई आफ्नो लागतसम्म दावी गरेकोमा मूल्य अभिवृद्धि करमा लागत हुदैन भन्ने राजस्व न्यायाधिकरणको फैसला कानूनसम्मत छैन।

दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ मा कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नु पर्ने कर आफूले उठाएको रकमबाट कट्टी गर्न सक्ने कानूनी व्यवस्था छ । उक्त व्यवस्था पुनरावेदकलाई कानूनले दिएको हक हो। सो हक मूल्य अभिवृद्वि कर ऐन, २०५२ को दफा १७ को उपदफा (६) मा तोकिएका कागजातहरूद्वारा प्रमाणित भएपछि प्राप्त हुने हो। ऐनमा तोकिएका कागजातसम्म उल्लेख भएता पनि ऐ. नियमावलीको नियम ३९(१)(ख) ले कर विजक प्राप्त भएपछि कर कट्टी गर्न पाइने प्रावधान छ। पुनरावेदक कम्पनीले बिल बिजकहरू समावेश गरी कर कट्टीको दावी गरेको हो। तर राजस्व न्यायाधिकरणले कर कट्टी नपाउने भनी गरेको फैसला कानूनसम्मत छैन। कर प्रशासकले आत्मनिष्ठ तवरबाट खोज्न नमिल्ने प्रमाण खोजेको देखिन्छ। आपूर्तिकर्ताबाट कर असूल गर्न सक्ने पर्याप्त कानूनी व्यवस्था हुँदाहुदै सो तर्फ कुनै बिचार नगरी कर प्रशासकको निर्णय अनुसार नै प्रमाणको भार यस कम्पनी उपर नै राखेको फैसला त्रुटिपूर्ण छ । त्रुटिपूर्ण फैसला कायम रहन नसक्ने हुँदा मिति २०७४।३।२९ को राजस्व न्यायाधिकरणको फैसला उपर पुनरावेदन गर्न राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (ख),(ग) र (घ) बमोजिम

अनुमति पाउँ भन्ने समेत व्यहोराले भाटभटेनी सुपर मार्केट तथा डिपार्टमेन्टल स्टोर प्रा.लि.ले यस अदालतमा पेश गरेको अनुमतिको निवेदन-पत्र।

यसमा ०७४-LE-००८० को आयकरको निवेदनमा आज यसै इजलासबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान भएकोले प्रस्तुत निवेदन उक्त निवेदनसँग अन्तरप्रभावी देखिएकोले सोही आधार र कारणबाट प्रस्तुत निवेदनमा पनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (ख), (ग) र (घ) बमोजिम मुद्दा दोहोर्‍याई हेर्न अनुमति प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७४।८।२९ को आदेश ।

यसमा निवेदक शंकर अक्सिजन ग्यास प्रा.लि. विरूद्ध आन्तरिक राजस्व कार्यालय क्षे.नं.३ भएको ०६९-LE-०२२६, निवेदक अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्स विरूद्ध ठूला करदाता कार्यालय समेत भएको ०६९-LE-०२२१, निवेदक वाँनिया स्टोर फर्म विरूद्ध आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ भएको ०७०-LE-००७७ र निवेदक ए.आई. टि. प्रा.लि. विरूद्ध आन्तरिक राजस्व कार्यालय समेत भएको ०६९-LE-०२२० को मुद्दा साथै राख्नु भन्ने व्यहोराको यस अदालतको मिति २०७४।१२।१२ को आदेश।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातको अध्ययन गरी पुनरावेदक प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सुशीलकुमार पन्त, श्री उपेन्द्रकेशरी न्यौपाने, विद्वान् अधिवक्ता श्री मणिराज आचार्य, श्री डाशीराम खनाल र श्री नरेन्द्रप्रसाद गौतमले पुनरावेदक कम्पनीले कारोबार गरेका फर्महरू नक्कली हुन वा सक्कली हुन भन्ने कुरा पुनरावेदक कम्पनीले थाहा पाउने कुरा होइन। आपूर्तिकर्ता भै सामान Supply गर्ने फर्मले बिल बिजक जारी गरेको छ। त्यसको आधारमा Supply गर्ने फर्मले बिल विजक जारी गरेको छ। त्यसको आधारमा Supply भएका मालबस्तुको भुक्तानी भएको छ। यस विवादमा हाम्रो पक्षले १५२ वटा फर्म वा कम्पनीबाट सामान आपूर्ति गरेको छ। ती १५२ वटा फर्म वा कम्पनीको प्रमुख व्यक्ति, कारोबारस्थल र सम्पर्क नं. करदाता कम्पनीले खोजेर कर कार्यालयमा ल्याउनु पर्ने होइन। कर कार्यालय आफूले दर्तावाला फर्मको सम्बन्धमा नबुझी हाम्रो पक्षको कारोबारलाई नक्कली ठहर गर्नु

भनेको पूर्वाग्रह हो। कर प्रशासकको त्यस्तो पूर्वाग्रह निर्णय राजस्व न्यायाधिकरणले सदर गरेको छ।

राजस्व न्यायाधिकरणको फैसलामा श्रद्धा इन्टरनेशनल प्रा.लि. को सन्दर्भमा पनि उल्लेख गरेको छ। उक्त प्रा.लि. का प्रोपाइटरले गरेको बयान हाम्रो पक्ष कम्पनीको विरूद्ध प्रमाणमा लिन मिल्दैन। राजस्व न्यायाधिकरणको फैसलाको १२ औं बुँदामा यस्तै विवाद समावेश भएको जगदम्बा स्टिल प्रा.लि. विरूद्ध आन्तरिक राजस्व बिभाग समेत भएको मुद्दामा यस अदालतबाट राजस्व न्यायाधिकरणको फैसला पुनरावेदन गर्न अनुमति नभएको भन्ने कुरालाई पनि आधार मानेको छ। त्यो मुद्दा र प्रस्तुत मुद्दाको विवाद एकै प्रकृतिको हो, होइन भन्ने सम्बन्धमा विवेचना गरिएको छैन। त्यसबाट पनि राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भन्ने प्रष्ट छ। त्यसै कारण यस अदालतबाट प्रस्तुत पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान भएको हुँदा आन्तरिक राजस्व बिभागको मिति २०६८।११।२८, मिति २०६९।३।१५ को निर्णय र राजस्व न्यायाधिकरणको मिति २०७४।३।२९ को फैसला नमिलेको हदसम्म बदर हुनुपर्दछ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

प्रत्यर्थी कर प्रशासकको तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल र उप-न्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले पुनरावेदकको तर्फबाट अधिवक्ता विद्धान कानून व्यवसायीले राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भनी बदर माग गरेको भए पनी के आधार, कारणबाट राजस्व न्यायाधिकरणको फैसला बदर हुने भन्ने सम्बन्धमा युक्तियुक्त आधार उल्लेख गर्न सकेको देखिँदैन। पुनरावेदक फर्मले नक्कली कारोबार नगरेको जिकिर गरे पनि मिसिल संलग्न प्रमाण कागजबाट नक्कली कारोबार गरेको र श्रद्धा इन्टरनेशनलका प्रोपाइटर अमर प्याकुरेलले गरेको बयानले समेत समर्थित भएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५८ को दफा १७ को उपदफा (१) अनुसार कट्टी गरी लिन पाउने कर कट्टीका लागि सोही दफाको उपदफा (६) मा तोकिए बमोजिमका कागजहरूले दावी प्रमाणित भए पछि मात्र कर कट्टी सुविधा लिन पाउने कानूनी व्यवस्थाको रोहबाट हेर्दा पुनरावेदक कम्पनीले आफ्नो दावी प्रमाणले पुष्टि गर्न सकेको देखिँदैन ।

जहाँ बस्तु वा सेवाको कारोबारको सत्यता प्रमाणित हुन सक्दैन, त्यहाँ लागतको दावीलाई असंगत दावी मानिन्छ । आफ्नो कारोबारको सत्यता प्रमाणित गर्नका लागि दर्तावाला करदाताबाट सक्कली बिल बिजक लिएको हुनु पर्दछ । बिल अनुसारको बस्तु वा सेवाको आपूर्ति भएको भुक्तानी आपूर्तिकर्तालाई नै गरेको प्रमाण पुनरावेदकले पेश गर्न सकेको अवस्था देखिँदैन। यस सम्बन्धमा पुनरावेदक प्रा.लि. आपूर्तिकर्ता फर्म वा करदाताको खोजी गर्ने प्रमाणको भार कर प्रशासकैको हो, पुनरावेदक कम्पनीको होइन भन्ने पुनरावेदन जिकीर गरेको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले प्रमाणको भार कर अधिकृतमा राख्नुको अर्थ पुनरावेदकलाई आफ्नो जिकीर प्रमाणित गर्ने प्रमाणको भारबाट उन्मुक्ति दिएको भन्न मिल्दैन। यस्तो अवस्थामा आपूर्ति र भूक्तानीको विश्वासनीय प्रमाण पुनरावेदक कम्पनीले कर अधिकृतसमक्ष पेश गर्नु पर्ने हुन्छ। तर पुनरावेदक कम्पनीले कर कट्टी दावीको प्रमाण पेश गर्न नसकेको देखिँदा राजस्व न्यायाधिकरणको फैसला सदर हुनु पर्दछ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

उपरोक्त बमोजिम दुवै तर्फका कानून व्यवसायीले प्रस्तुत गर्नु भएको बहस समेत सुनी राजस्व न्यायाधिकरणको मिति २०७४।३।२९ को फैसला मिलेको छ? छैन? पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्ने हो? होईन? सोही सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा पुनरावेदक कम्पनीले राजस्व न्यायाधिकरणको मिति २०७४।३।२९ को फैसला बदर गरेको देखिन्छ । त्यस सम्बन्धमा विचार गर्दा पुनरावेदक कम्पनीले आ.व. २०६४ श्रावणदेखि २०६७ माघ सम्मको अवधिमा विभिन्न १५२ वटा कम्पनी, फर्म, ट्रेड लिङ्क र सप्लायरबाट मालबस्तु आपूर्ति गरी ती मालबस्तु बिक्री गरी कानून बमोजिम बिक्रिको १३% ले हुने मूल्य अभिवृद्धि कर तिरेको कारण बिल बिजकको आधारमा कर कट्टी दावी गरेको भन्ने पुनरावेदन जिकिर देखिन्छ । नेपालले अबलम्बन गरेको स्वयं कर निर्धारण प्रणालीको मुल मर्म भनेको करदाताले आफ्नो कर आफै निर्धारण गर्न पाउने हो। करदाताले आफ्नो कारोबारको सत्यता आफैले प्रमाण पेश गरी प्रमाणित गर्नु पर्दछ।आफूले गरेको कारोबारको सत्यता प्रमाणित गर्न बिल बिजक,

लेजर, खाताहरू पेश गरेर मात्र हुँदैन । बिल बमोजिम मालबस्त वा सेवाको आपूर्ति गरेको कुरा शंकारहित तवरबाट स्थापित हुनु पर्दछ। त्यसको लागि आपूर्तिकर्ताले आपूर्ति गरेको मालबस्तुको कारोबार मूल्यको भुक्तानी प्रमाणित हुन पर्दछ भन्ने तथ्यमा विवाद छैन ।

प्रत्यर्थी आन्तरिक राजस्व बिभागले पुनरावेदक कम्पनीको हकमा आ.ब. ०६४-०६७ (२०६४ श्रावण देखि २०६७ माघसम्म) को लागि रू. ९,३३,७०,१२५।—मूल्य अभिवृद्धि कर निर्धारण गरी शत प्रतिशत जरिवाना, थप दस्तुर रू. १,६४,४७,४९७।— र व्याज रू. २,४७,२०,४५१।— गरी जम्मा रू. २२,७९,०८,१९८।- असूल उपर गर्ने भन्ने व्यहोराको निर्णय गरेको देखिन्छ। पुनरावेदक कम्पनीले उक्त कर निर्धारण हुने होइन, कर विवरण र कर रकम समय-समयमा तिर्दै बुझाउँदै आएको छौं । आपूर्तिकर्ता कम्पनी नक्कली बिल बिजक जारी गरेको होइन, नक्कली बिल बिजक जारी गरेको भए नक्कली बिल विजक जारी गर्ने फर्म वा कम्पनी वा सप्लायर्सलाई कर प्रशासकले कारवाही गर्नु पर्नेमा नगरी कर निर्धारण गरेको निर्णय पूर्णग्राही भएको भन्ने समेतको पुनरावेदन जिकीर गरेको देखिन्छ।

मिसिल संलग्न राजस्व न्यायाधिकरणको फैसला अवलोकन गर्दा पुनरावेदक कम्पनीले Non Filer कम्पनी, फर्म र सप्लायरबाट मालबस्तु खरिद गरेको देखाई नक्कली बिल विजकबाट रकम भुक्तानी गरी मूल्य अभिवृद्धि कर कट्टीको दावी गरेको भन्ने देखिन्छ। पुनरावेदक कम्पनीले Non Filer कम्पनीसँग कारोबार गरेको देखाई नक्कली बिल विजकबाट रकम भुक्तानी गरेको देखाएको हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा Mangle Export Import नामक फर्मले पुनरावेदक कम्पनीको नाममा विभिन्न बिलहरू जारी गरेको देखिन्छ। तर Mangle Export Import नामक फर्म दर्तावाला करदाता भएको भन्ने देखिँदैन। यस कुरालाई पुनरावेदक कम्पनीले पनि पुनरावेदन जिकीरमा अन्यथा भन्न सकेको देखिँदैन। वेदर्तावाला फर्मको बिल विजकको आधारमा मूल्य अभिवृद्धि कर दावी गर्न मिल्दैन। त्यसै गरी राउत ट्रेड कन्सर्न र जय वागेश्वरी नामक फर्मबाट खरिद भएका सामानको पनि कर कट्टी गर्न मिल्ने देखिँदैन। किनभने ती फर्महरूको कारोबारमा भूल (गल्ती) भएको कुरा सञ्चालक मीनबहादुर गुरूङ र प्रतिनिधि दानबहादुर राईले स्वीकार गर्दै प्रत्यर्थी आन्तरिक राजस्व बिभागमा बयान गरेको देखिन्छ।

पुनरावेदक कम्पनीले उल्लिखित कर अवधिमा १५२ वटा आपूर्तिकर्ता फर्म, कम्पनी, ट्रेड लिङ्क र सप्लायरबाट मालबस्तु आपूर्ति गरेको देखिन्छ। त्यसमध्ये श्रद्धा इन्टरनेशनलसँग खरिद कारोबार भएको भनी पुनरावेदक कम्पनीले मूल्य अभिवृद्धि कर क्रेडिट दावी गरेको सम्बन्धमा विचार गर्दा उक्त इन्टरप्राईजेजले पुनरावेदक कम्पनीको नाममा र.नं. ९५३, ९५४ र ९५५ नं. को बील जारी गरेको देखिन्छ। सोही बिलको आधारमा मालबस्तु आपूर्ति गरेको भनी रकम मूल्य अभिवृद्धि कर कट्टीको दावी गरेको देखिन्छ। यसरी पुनरावेदक कम्पनी र श्रद्धा इन्टरनेशनल बीच कारोबार भएको देखिएको भए पनि सो इन्टरप्राईजेज र पुनरावेदक कम्पनी बिच आ.व. २०६३/०६४ देखि कारोबार नभएको एवं पुनरावेदक कम्पनीलाई बिल बिजक जारी नगरेको कुरा इन्टरप्राईजेजका प्रोपाईटर अमर प्याकुरेलले प्रत्यर्थी आन्तरिक राजस्व बिभागमा गरेको बयानबाट देखिन्छ। यसबाट समेत पुनरावेदक कम्पनीले नक्कली बिल प्रयोग गरी कर अवधिमा कारोबार गरेको देखिन आयो।

आपूर्ति प्रमाणित गर्ने आधार भनेको बिक्रेताको बिक्री खाता र क्रेताको खरिद खाता हुन। पुनरावेदक कम्पनीले बिक्री र खिरद खाता पनि यस विवादमा प्रमाण हुन भन्ने पुनरावेदन जिकीर गरेको देखिन्छ। खरिद खाता प्रमाणित गर्न सकेको देखिँदैन। प्रत्यर्थी कर कार्यालयले आपूर्तिकर्ता फर्मको मुख्य व्यक्तिको नाम, कारोबारस्थल, फोन नं. र ठेगाना उपलव्ध गराउन भन्दा पुनरावेदक कम्पनीले उपलव्ध गराउन सकेको पाईएन। आपूर्ति भएकै मालबस्तु बिक्री भएको र आयकर तिरेको भन्ने पुनरावेदक कम्पनीको जिकीर छ, तर खरिद खाता र बिक्री खाताले बिबादित बिल बिजककै बस्तु हो भन्ने प्रमाणित हुन सकेको देखिँदैन। सामान एकठाउँबाट लिने र बिल अर्को ठाउँबाट दिने गरेको तथ्यलाई केही हदसम्म पुनरावेदक कम्पनीका सञ्चालकले बयानमा स्वीकार गरेको देखिन्छ। सञ्चालक मीनबहादुर गुरूङ र प्रतिनिधि दानबहादुर राईको बयान सुक्ष्मतम रूपमा अध्ययन गर्दा पुनरावेदक कम्पनीको आपूर्तिलाई शंकारहित तवरले प्रमाणित गर्न सकेको देखिँदैन। त्यसै गरी अनुसन्धानको क्रममा अनुसन्धान टोलीले मिति २०६७।१०।१९ मा बरामद गरेर ल्याएको कम्प्युटर हार्डडिस्कमा रहेका डाटाहरूबाट पनि मालबस्तु आपूर्तिको तथ्य प्रमाणित हुन सकेको देखिँदैन।

बिल अनुसारको सामान खरिद भएको भन्ने कुरा प्रमाणित भएको हुनु पर्दछ। एकातिर बिल अनुसारको खरिद भएको देखिँदैन भने अर्कोतिर जो कोहीले लिन र साट्न सक्ने वियरर चेक विभिन्न फर्मको नाममा जारी भएको देखिन्छ। एकाउन्ट पेयी चेक जारी गरेको भए भुक्तानीको प्रमाणिकता हुन सक्थ्यो। चेकको भुक्तानी आपूर्तिकर्ता स्वयंले लिएको देखिँदैन। कम्पनीले ५० हजारसम्मको कारोबार नगदबाट गरेको भन्ने पुनरावेदन जिकीर गरेको भए पनि पुनरावेदक कम्पनीले आपुर्तिकर्तालाई रकम बुझाएको भरपाई गरी सो भरपाई प्रमाणको रूपमा पेश गर्न सकेको देखिँदैन। यो कुरालाई पुनरावेदक कम्पनीका सञ्चालक मीनबहादुर गुरूङ र प्रतिनिधि दानबहादुर राईले बयानमा स्वीकार गरेको नै देखियो।

पुनरावेदक कम्पनीसँग कारोबार गर्ने आपूर्तिकर्ता फर्म वा कम्पनी वा ट्रेड लिङ्क नन फाईलर रहेको देखिन्छ। यस सम्बन्धमा पुनरावेदक कम्पनीले आपूर्तिकर्ता नन फाईलर भएको सम्बन्धमा आफ्नो दोष होईन, प्रत्यर्थी कर प्रशासनको दोष हो। कर कार्यालयमा दर्ता रहेका फर्म वा कम्पनीको नियमित अनुगमन र निरीक्षण गर्ने कानूनी दायित्व प्रत्यर्थी बिभागको हो, नियमित नगर्ने फर्महरूलाई सजाय गर्ने दायित्व पनि प्रत्यर्थी बिभागको नै हो, अरू फर्म वा कम्पनीलाई नियमित अनुगमन गरी अनियमित भएका फर्म वा कम्पनीलाई कारवाही नगरी पुनरावेदक कम्पनीलाई दोषी देखाएको नमिलेको भन्ने समेत व्यहोराले पुनरावेदन गरेको देखिन्छ। मूल्य अभिवृद्ध कर ऐन, २०५२ को दफा २० को उपदफा (३) ले प्रमाणको भार कर अधिकृतमा राखेको भए पनि पुनरावेदक कम्पनीले मूल्य अभिवृद्धि कर कट्टी दावी गरेको बिल बिजकको प्रमाणित गर्ने भार कर अधिकृतको हुने देखिँदैन। बिल बिजक अनुसारको भुक्तानी एवं कारोबार पुनरावेदक कम्पनीले नै प्रमाणित गर्नु पर्दछ। खरिद र भुक्तानी भएको कुराको प्रमाण खरिदकर्ताले पुऱ्याउनु पर्दछ। आफ्नो दायित्व बिक्रेता भनिएका फर्म वा कम्पनीलाई पन्छाएर पुनरावेदक कम्पनीले दायित्वबाट उन्मुक्ति पाउने हुँदैन। कर प्रशासकले पुनरावेदक कम्पनीको सबै कारोबारलाई अमान्य गरेको देखिँदैन। कारोबार बास्तबिक नदेखिएको हकमा मात्र अमान्य गरेको देखिन्छ। यस अवस्थामा राजस्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन।

अतः माथि विवेचना गरिएको आधार र कारणबाट ठूला करदाता कार्यालयको मिति २०६९।५।१ र आन्तरिक राजश्व विभागको मिति २०६९।९।६ को निर्णय सदर गरेको राजश्व न्यायाधिकरण, काठमाडौंको मिति २०७४।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक कम्पनीको पुनरावेदन जिकीर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत :- भीमबहादुर निरौला
इति सम्वत् २०७६ साल पौष २८ गते रोज २ शुभम् ....।